# बेनी नगर कार्यपालिका बैठकका निर्णयहरु (आ.व. २०७९/०८०, बैठक नं १३)

मिति २०८० बैशाख २९ गते

**प्रस्तावहरु :**

१. बिगतको निर्णय समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा
२. आ.व. २०८०/०८१ का लागि बजेट तर्जुमा कार्ययोजना सम्बन्धमा
३. जग्गा वर्गीकरण सम्बन्धमा
४. बेनी नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधिमा संशोधन सम्बन्धमा
५. योजनाको म्याद थप सम्बन्धमा
६. कार्यविधि पारित गर्ने सम्बन्धमा
   क. उत्पादनमा युवा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८०
   ख. बेनी नगरपालिकाको सेवा प्रवाह सम्बन्धी मापदण्ड, २०८०
७. कालीपुल बसपार्क बहुउद्देश्यीय भवन सम्बन्धमा
८. नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा
९. सुरक्षित आप्रवासन केन्द्र स्थापना सम्बन्धमा
१०. मजुवा बगरको धरौटी फिर्ता सम्बन्धमा
११. मंगलाघाट झोलुङ्गे पुल सम्बन्धमा
१२. विविध

**निर्णयहरु:**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो। नगरपालिकाबाट भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो।

२. स्थानीय सरकारले हरेक वर्ष असार १० मा सभामा बजेट पेश गर्नुपर्ने कानूनी प्रावधान बमोजिम बेनी नगरपालिकाको आ.व. २०८०/०८१ का लागि बजेट तर्जुमा सम्बन्धमा संलग्न अनुसूची बमोजिमको कार्यतालिका स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

३. बेनी नगरपालिका अन्तर्गत रहेका जग्गाहरुको वर्गीकरण सम्बन्धमा हालसम्म जग्गा वर्गीकरणको कार्य सम्पन्न गरेका वडाहरुमध्ये वडा नं ४, ५ र ८ को निर्णय बैठकमा जानकारी भयो । अन्य वडाहरुले यस कार्यमा तदारुकता देखाई समयमा जग्गा वर्गीकरणको कार्य सम्पन्न गर्न आवश्यक पहल एवं नेतृत्व गर्ने निर्णय गरियो । सबै वडा कार्यालयहरुबाट वर्गीकरणको कार्यसम्पन्न भएपश्चात आवश्यक प्राविधिक सहयोगका लागि नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

४. बेनी नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि, २०७८ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

क. दफा ३ को उपदफा (१) को खण्ड (ग) मा प्रमुख प्रशासकीय अधिकृतको सट्टा "प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत" राख्ने

५. बेनी नगरपालिकाको आ.व. २०७९।८० को बजेट अन्तर्गतको निर्माणाधिन देउराली-पुत्लेढुङ्गा-भिरमुनी सडक निर्माण सामाग्रीहरुको न्यून आपूर्तिका कारण समयमा सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले उक्त योजनाको २०८० साल जेठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो । बेनी नगरपालिका अन्तर्गत सञ्चालित अन्य योजनाहरुको चालु आ.व.को मसान्तसम्म म्याद थप गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले थप गर्न सक्ने गरी कार्यदिश दिने निर्णय गरियो ।

६. बेनी नगर कार्यपालिकाको बैठकमा पेश भएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

क) बेनी नगरपालिकाको उत्पादनमा युवा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८०

ख) बेनी नगरपालिकाको सेवा प्रवाह सम्बन्धी मापदण्ड, २०८०

७. सघन शहरी तथा भवन निर्माण आयोजना बाग्लुङतर्फबाट निर्माण सम्पन्न भई बेनी नगरपालिकामा हस्तान्तरण भई आएको बेनी नगरपालिका वडा नं. ८, कालीपुलस्थित बसपार्क टर्मिनल भवनलाई थप व्यवस्थित गरी सम्बन्धित व्यवसायीहरुलाई भाडामा उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक भौतिक सुधारको कार्य बेनी नगरपालिकाबाट बजार व्यवस्थापन शीर्षकमा खर्च भई बाँकी रहेको रकमबाट गर्ने निर्णय गरियो ।

८. बेनी नगरपालिकाको स्थापना दिवस जेठ २५ गते मनाउने सम्बन्धमा देहाय बमोजिमका लगायत अन्य सान्दर्भिक कार्यक्रम गर्ने प्रयोजनार्थ द्रुत प्रतिकार्य टोली (QRT) बसी तय गर्ने गराउने निर्णय गरियो ।

- बेनी नगरपालिका र मातहतका कार्यालयहरुमा सार्वजनिक विदा दिने
- बेनी नगरपालिकाको स्वीकृत प्रतिक चिन्ह अनावरण गर्ने
- विभिन्न सचेतनामूलक र मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन सञ्चालन गर्ने ।
- उत्कृष्ट वडा समितिलाई पुरस्कृत गर्ने

९. वैदेशिक रोजगारीलाई सुरक्षित एवं मर्यादित बनाउन र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि उचित परामर्श सेवा प्रदान गर्ने उद्देश्यका साथ २०८० जेठ १ गतेदेखि लागु हुने गरी जिल्ला प्रशासन कार्यालयमा स्थापना हुने सुरक्षित आप्रवासन स्रोत केन्द्रमा रहने जनशक्तिहरुको तलब सुविधा लगायतको भुक्तानी म्याग्दी जिल्लाका सबै पालिकाको साझेदारीमा गर्ने निर्णय गरियो । बेनी नगरपालिकाको रोजगार शाखाले सुरक्षित आप्रवासन श्रोत केन्द्रको रुपमा कार्य गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

१०.बेनी नगरपालिका स्थानीय विपद व्यवस्थापन समितिको निर्णय र जिल्ला विपद व्यवस्थापन समितिको सहमती बमोजिम बेनी नगरपालिका वडा नं ९ मजुवा बगरबाट निर्माण सामाग्री उत्खनन् तथा बिक्री वितरणका लागि मिति २०७९/१२/०६ गते प्रकाशित सूचना बमोजिम निवेदन पेश गर्ने भगवती मालिका कन्ट्रक्सन मंगला-२ म्याग्दीले उल्लेखित स्थानमा काम गर्न नसकेको र उत्खनन् स्थलसम्म सडक पहुँचका लागि रघुगंगा गाउँपालिकाले बाटो नदिएको र स्थानीय समुदायबाट समेत अवरोध भएको कारण धरौटी फिर्ता माग गरी निवेदन पेश गरेकोले निजले यस कार्यालयको धरौटी खातामा जम्मा गरेको रकम रु ५३ हजार फिर्ता दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

११.बेनी नगरपालिका, वडा नं. ७, मंगलाघाट स्थित झोलुङ्गे पुल निर्माणका लागि चालु आ.व. मा रकम निकासा नभएको भएतापनि उक्त स्थानका नागरिकहरुको माग र स्थानीय आवश्यकता समेतलाई मध्यनजर गरी झोलुङ्गे पुल निर्माणको कार्य तत्काल प्रारम्भ नगर्दा स्थानीय पूर्वाधार विभाग तर्फबाट प्राप्त हुने लट्ठा, स्टिल डेक लगायतका सामाग्री प्राप्त नहुने अवस्था समेतलाई मध्यनजर गरी हाललाई उपभोक्ताको योगदानबाट कार्य गर्ने गरी सम्झौताको प्रकृया अघि बढाउने र नयाँ आर्थिक वर्षमा रकम निकासाका लागि लेखी पठाउने निर्णय गरियो।

१२.बेनी नगरपालिकाको सामाजिक विकास समिति तर्फको अध्ययन भ्रमण शीर्षकमा बिनियोजित रकमबाट खर्च भई बाँकी रहेको रकम पाठ्यपुस्तक छपाई कार्यमा खर्च गर्ने निर्णय गरियो।

१३.नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेनी नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट प्राप्त ९१३ जना बेरोजगारहरुको सूची स्वीकृत गर्ने निर्णय गरियो।

१४.बेनी नगरपालिकाको औषधी तथा सर्जिकल सामाग्री खरिद शीर्षकमा बाँकी रहेको रकमबाट विभिन्न स्वास्थ्य चौकीहरुका लागि आवश्यक स्वास्थ्य सामाग्री एवं औषधी खरिद गर्न बेनी नगरपालिकाको स्वास्थ्य शाखालाई कार्यदिश दिने निर्णय गरियो ।

१५.बेनी नगरपालिका अन्तर्गतको सार्वजनिक निजी साझेदारी समितिको उद्योग वाणिज्य संघबाट नियुक्ति भएका बेनपा ६ बस्ने वन्जित खत्रीले राजीनामा स्वीकृत गराएकोले निजको स्थानमा बेनपा ६ निवासी विपिन खत्रीलाई नियुक्ति गरिएको कार्यलाई अनुमोदन गरिएको भन्ने मिति २०८०/०१/२८ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख